# तुर्माखाँद गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः १** **संख्याः ६** **मितिः २०७६/०५/०५**


**भाग १**

**तुर्माखाँद गाउँपालिका**

## विनियोजन ऐन, २०७६

तुर्माखाँद गाउँपालिका, अछामको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रमाणीकरण मितिः २०७६/०४/२२

**प्रस्तावनाः** तुर्माखाँद गाउँपालिका, अछामको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपदफा (२) बमोजिम तुर्माखाँद गाउँपालिका, अछामको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "तुर्माखाँद गाउँपालिका, अछामको विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.आर्थिक बर्ष २०७६/७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक बर्ष २०७६/०७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूंजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४१,९३,८२,०००( अक्षेरुपी रुपैंया एकचालीस करोड त्रियानब्बे लाख बयासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३.विनियोजन**: (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०७६/०७७ को निमित्त तुर्माखाँद गाउँपालिका, अछामको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूंजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भूक्तानी खर्च र व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भूक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूंजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**तुर्माखाद गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, अछाम**

**आय तथा व्ययको प्रक्षेपण**

अनुसूची १

आ.व. : २०७६/७७

रु. हजारमा

| शीर्षक | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को संशोधित अनुमान | आ.व. २०७६/७७ को अनुमान |
|---|---|---|---|
| **राजस्व** | | | ३९,१८,८२ |
| **आन्तरिक श्रोत** | | | २,९०,०० |
| ११३१३ एकीकृत सम्पती कर | | | ५,०० |
| ११३१४ भुमिकर/मालपोत | | | ५,०० |
| ११३२१ घरवहाल कर | | | ३० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | | | १,०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | | | ५ |
| १४२४२ नक्सापास दस्तुर | | | १० |
| १४२४३ सिफारिश दस्तुर | | | १,६० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | | | २० |
| १४२४५ नाता प्रमाणित दस्तुर | | | १० |

| | | | |
|---|---|---|---|
| १४२४९ अन्य दस्तुर | | | १० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | | | ५ |
| १४६११ व्यवसाय कर | | | १,५० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | ८,९९,९९ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | | | ६,१५,३० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क [राजस्व बाँडफाँड - संघीय सरकार] | | | २,६३,७० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | | | २०,९९ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ३०,०३,८३ |
| संघीय सरकार | | | २९,४०,०० |
| १३३११ समानिकरण अनुदान | | | ९,२९,०० |
| १३३१२ शसर्त अनुदान चालु | | | २०,११,०० |
| प्रदेश सरकार | | | ६३,८३ |
| १३३११ समानिकरण अनुदान | | | ६३,८३ |
| **व्यय** | | | **४१,९३,८२** |
| चालु खर्च | | | २५,७६,७७ |
| २११११ पारिश्रमिक कर्मचारी | | | १२,५६,५४ |
| २१११२ पारिश्रमिक पदाधिकारी | | | ५०,०० |
| २११२१ पोशाक | | | ६,१० |
| २११२३ औषधीउपचार खर्च | | | १०,०० |
| २११३१ स्थानीय भत्ता | | | २४,४० |

| | | | |
|---|---|---|---|
| २११३२ महंगी भत्ता | | | ९,०० |
| २११३३ फिल्ड भत्ता | | | ९,९० |
| २११३४ कर्मचारीको बैठक भत्ता | | | ३,०० |
| २११३९ अन्य भत्ता | | | ५,६८ |
| २११४१ पदाधिकारी बैठक भत्ता | | | ३५,८८ |
| २२११२ संचार महसुल | | | १३,०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | | | २४,८० |
| २२२१३ सवारी साधन मर्मत खर्च | | | १७,०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | | | २,०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | ७,७७ |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | | | २६,३० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | | | ४६,०९ |
| २२३१४ इन्धन - अन्य प्रयोजन | | | १,५० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | २२,५० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | | | २,१० |
| २२४११ सेवा र परामर्श खर्च | | | ६,७० |
| २२४१३ करार सेवा शुल्क | | | ९७,९३ |
| २२४१९ अन्य सेवा शुल्क | | | २,२५ |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | | ४६,०६ |
| २२५२२ कार्यक्रम खर्च | | | ४,६१,४२ |
| २२५२९ विविध कार्यक्रम खर्च | | | ३१,६६ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | | | १५,१० |

| | | | |
|---|---|---|---|
| २२६१२ भ्रमण खर्च | | | ४०,८० |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | | | २,५० |
| २२७११ विविध खर्च | | | २२,०० |
| २२७२१ सभा सञ्चालन खर्च | | | ५,०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | | | १,४७,०० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | | | ४,०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | | | ७० |
| २७२११ छात्रवृत्ति | | | २९,८३ |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | | | १०,०० |
| २७२१३ औषधी खरिद खर्च | | | २४,९५ |
| २७२१९ अन्य सामाजिक सहायता | | | १२,२९ |
| २७३११ निवृत्तिभरण तथा अशक्त वृत्ति | | | ४,०० |
| २८१४२ घरभाडा | | | १०,०० |
| २८१४३ सवारी साधन तथा मेशिनरी औजार भाडा | | | ३,०० |
| २८१४९ अन्य भाडा | | | ६,०० |
| २८९११ भैपरी आउने चालु खर्च | | | २०,०० |
| **पूंजीगत खर्च** | | | **१६,१७,०४** |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | | | ३,३६,०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | ३,५० |
| ३११२१ सवारी साधन | | | ८४,०० |

| | | | |
|---|---|---|---|
| ३११२२ मेशिनरी तथा औजार | | | ५८,४५ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | | | २९,०० |
| ३११५१ सडक तथा पूल निर्माण | | | ३,४३,२३ |
| ३११५३ विद्युत संरचना निर्माण | | | ७५,०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | | | १७,९० |
| ३११५५ सिंचाई संरचना निर्माण | | | ९२,७५ |
| ३११५६ खानेपानी संरचना निर्माण | | | ३,३९,३५ |
| ३११५८ सरसफाई संरचना निर्माण | | | ३३,५० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | | | १,३८,८६ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | ३०,५० |
| ३१५११ भैपरी आउने पूँजीगत | | | ३५,०० |
| **बजेट बचत (+)/न्यून (-)** | | | **२,७५,००** |
| **गत वर्षको नगद मौज्दात** | | | **२,७५,००** |

आज्ञाले,

बासुदेव भण्डारी

प्रमुख प्रशासकीय अधिकृत